# राक्सिराङ्ग गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर
(महिला तथा बालबालिका शाखा)

अध्यक्षः-९८५५०७७६०१
प्र.प्र.अः-९८५५०८८८६६
www.raksirangmun.gov.np
info@raksirangmun.gov.np
raksirang.rmc@gmail.com


प.सं.- ०८०/०८१ च.नं.- बागमती प्रदेश, नेपाल

मितिः २०८०/१२/२३
ने.सं.-११४४ चिल्लागा ११ शुक्रवार

## समाजसेवी तथा बाल मनोविज्ञ सूचीकृत हुने आउने सम्वन्धी सूचना!

प्रस्तुत विषयमा बालबालिका सम्बन्धी नियमावली, २०७८ को दफा ८३ अनुसार देहायका योग्यता भएका समाजसेवी तथा बाल मनोविज्ञले यसै सूचनामा उल्लेखित आवश्यक कागजात तथा व्याक्तिगत विवरण सहित यस गाउँपालिकामा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र सूचीकृत हुन आउन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिन्छ।

**आवश्यक योग्यताः**

१. नेपाली नागरिक,
२. नैतिकपतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा अदालबाट कसूरदार नठहरिएको,
३. असल चरित्र भएको,
४. समाजसेवीको रुपमा सूचीकृत हुनको लागि मान्यता प्राप्त शैक्षीक संस्थाबाट सम्वन्धित विषयमा स्नातक गरेको वा कम्तिमा प्रविणता प्रमाण पत्र तह/+२ उर्तीण गरेको र सामाजिक कार्य सम्बन्धी विषयमा कम्तिमा एक महिना तालिम प्राप्त गरेको,
५. बाल मनोविज्ञको रुपमा सुचीकृत हुन मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञ वा सम्वन्धीत विषयमा स्नातक गरेको वा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा +२ उर्त्तीण गरेको र मान्यता प्राप्त निकाय वा तालिम प्रदायक संस्थाबाट बालमनोविज्ञान सम्वन्धी कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको,

**आवश्यक कागजपत्रहरुः**

१. नेपाली नागरिकताको प्रमाण पत्रको छायाँप्रति-१
२. शैक्षिक योग्यता वा न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्र र तालिमको प्रमाण पत्रको छायाँप्रति-१
३. सम्बन्धीत व्याक्तिको निवेदन- १
४. पासपोर्ट साईजको फोटो-१

२०८०।१२।२३
देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत